नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक २२ गते २०१७ साल

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालय

मिति ०१५।३।२।, संख्या १० को नेपाल गजेटमा प्रकाशित औद्योगिक नीतिलाई खारेज गरी श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको औद्योगिक नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

मुलुकको सामन्ती व्यवस्थाको अन्त गरेर औद्योगिक समाजको निर्माण गर्ने सरकारको निश्चित ध्येय भएको हुँदा त्यस ध्येयलाई सफलिभूत गराउन वृहत औद्योगिकरण गर्ने उद्देश्यले मौजुदा उद्योगहरूको गतिशिल विकास नयां उद्योगहरूको स्थापनामा प्रोत्साहनको लागि निम्न–लिखितबमोजिम श्री ५ को सरकारको औद्योगिक नीति हुने छः

१. उद्योगहरूको स्थापनामा सरकारले

(क) घरेलु तथा ग्रामीण उद्योगहरू, साना उद्योगहरू, मझौला उद्योगहरू, ठूला उद्योगहरू तथा आधार मुलक उद्योगहरूको बीचमा र

(ख) देशको विभिन्न इलाकाहरूमा आपसि संतुलन गर्ने यथा संभव प्रयत्न गर्ने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. उद्योगहरूको निम्नलिखित बमोजिम बर्गियकरण गरिएको छ ।

(क) घरेलु तथा ग्रामीण उद्योगहरू– रू. ५००००।- सम्म पूंजी लगानी भएका उद्योगहरू,

(ख) साना उद्योगहरू:–

रू. ५००००।-भन्दा बढी रू. २००००००।- सम्म पूंजी लगानी भएको उद्योगहरू ।

(ग) मझौला उद्योगहरू:–

रू. २००००००।- भन्दा बढी रू. १००००००।–सम्म पूंजी लगानी भएको उद्योगहरू

(घ) ठूला उद्योगहरू :–

रू.१००००००।– भन्दा बढी पूंजी लगानी भएका उद्योगहरू :

(ङ) प्रतिरक्षा संम्बन्धी उद्योगहरू– सैनिक हातहतियार, गोली बारुद इत्यादि प्रतिरक्षा संबन्धी खास साधनहरू र तत्संबन्धी खास बस्तुहरूको उत्पादन गर्ने उद्योगहरू ।

(च) आधार मूलक उद्योगहरू–सरकारले बखत बखतमा गजेट द्वारा आधारमूलक भनी घोषणा गरेको उद्योगहरू ।

३. (क) घरेल तथा ग्रामीण उद्योगहरूको र साना उद्योगहरूको स्थापनामा नेपाली नागरिकहरूलाई मात्र अनुमति दिइनेछ ।

(ख) मझौला उद्योगहरू स्थापनामा नेपाली नागरिकहरू अथवा नेपाली नागरिकहरू द्वारा नियन्त्रित संस्थाहरूलाई विषेश ग्राह्यता दिइनेछ ।

(ग) ठूला तथा आधारमूलक उद्योगहरूको स्थापनामा विदेशीहरूलाई पनि अनुमति दिइने छ । तर त्यस्तो हरेक उद्योगमा निश्चित अनुपातमा सकेसम्म राष्ट्रिय पूँजी समावेश गर्ने मौका प्रदान गर्नुपर्ने छ ।

(घ) प्रतिरक्षा सम्बन्धी उद्योगहरू श्री ५ को सरकारद्वारा वा सरकारी संरक्षा नियम अन्तर्गत मात्र संचालित हुनेछन् ।

४. द्रुतगतिले औद्योगिक विकास गर्नु पर्ने आवश्यकता सरकारले महसूस गरेकोले उद्योगको राष्ट्रीयकरण गर्ने सरकारको नीति छैन । तथापि अनिवार्य सार्वजनिक हितकोलागि राष्ट्रियकरण गर्नु नै परेमा पूर्ण क्षतिपूर्ति गरिने छ ।

५. नयां उद्योगहरूको प्रोत्साहनार्थ उत्पादन मिति देखि १० वर्ष सम्म खास मुनाफामा कुनै आय कर लगाइने छैन । तर यसो हुँदा त्यस्तै प्रकारका पूराना उद्योगहरूको संरक्षणको लागि तिनीहरूलाई श्री ५ को सरकारले आवश्यक कर सुविधा दिन सक्ने छ ।

६. विदेशी उद्योगपतिहरूले आफ्नो पूंजी लगानीको कमसेकम १० प्रतिशत मुनाफा देश बाहिर लैजान सक्ने छन् । तर १० प्रतिशत भन्दा बढी मुनाफा भएमा सरकारको विदेशी मुद्राकोषको स्थिति हेरी बढी मुनाफा लैजान दिन यथासक्य प्रयत्न गरिने छ ।

आधिकारिकता ५/५/ विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. कुनै उद्योगले आर्जन गरेको विदेशी मुद्राको २५ प्रतिशतसम्म (क) आवश्यक मेशिन, कलपुर्जा र कोरामाल खरीद गर्न र (ख) विदेशी प्राविधिज्ञहरूको मेहनताना दिन सम्बन्धित उद्योगलाई अग्राधिकार दिइनेछ ।

८. विदेशी उद्योगपतिहरूले आफ्नो लगानी पूंजी फिर्ता लैजान पाउने छन् र यसरी पूंजी फिर्ता लैजान २५ प्रतिशत प्रतिवर्ष विदेशी मुद्रा उपलब्ध गराइने छ ।

९. देशमा उपलब्ध कच्चा मालको प्रयोग गर्ने तथा विदेशबाट पैठारी कम गर्ने र विदेशमा निकासी वृद्धि गर्ने वस्तुहरूको उत्पादन गर्ने उद्योगहरूलाई त्यसै क्रममा प्राथमिकता दिइने छ ।

१०. नियंत्रित वस्तुहरूको वितरणमा र आयात तथा निर्यात अनुमति–पत्रहरूको वितरणमा उद्योगलाई अग्राधिकार दिइने छ ।

११. कारखाना तथा मजदूरहरू बस्ने घर बनाउनको लागि रूखहरू लिलाम दरमा शयकडा पन्ध्र रियायत दिई उपलब्ध गराइनेछ ।

१२. कल कारखाना कार्यालय, मजदूर बस्ने घर इत्यादिको लागि आवश्यक जग्गा उपलब्ध गराइन सरकारले मद्दत गर्नेछ ।

१३. उद्योगको लागि पैठारी गरिएका मेशिन कल पुर्जाहरूमा भंसार महसूल लाग्ने छैन ।

१४. उद्योग सम्बन्धी कानूनहरूमा देशभित्र उद्योग स्थापना गर्ने विदेशी नागरिक वा संस्थाहरू र नेपाली नागरिक वा संस्थाहरू बीच भेदभाव गरिनेछैन ।

१५. हरएक मझौला र ठूला उद्योगहरूमा नेपाली कर्मचारी कामदारहरूलाई सबै स्तरमा मुनासिब माफिक नियुक्ति गरी देशमै अथवा विदेशमा मुनासिब परिमाणमा तालीम प्रदान गर्नु पर्नेछ ।

१६. साना उद्योगहरूको लागि सरकारले विभिन्न जिल्लाहरूमा औद्योगिक क्षेत्रहरूको स्थापना गर्नेछ । र घरेलु तथा ग्रामीण उद्योग तालीम केन्द्रहरू ठाउं २ मा खोल्नेछ ।

१७. उपलब्ध साधनहरू ध्यानमा राखी सरकारले औद्योगिक ऋण सुपथ शर्तहरूमा दिने प्रबन्ध गर्नेछ । यस्ता ऋणहरूमा घरेलु तथा ग्रामीण र साना उद्योगहरूलाई प्राथमिकता दिइनेछ ।

१८. यस औद्योगिक नीति अनुकूल नयां कम्पनी कानून, मजदूर तथा कारखाना कानून सरकारले संसदमा चांडै नै पेश गर्नेछ । साथै उद्योग संबन्धी मुद्दाहरूको निर्णयको लागि विशेष अदालतको गठन गर्ने व्यवस्था गनछ ।

१९. नयाँ उद्योगहरूको स्थापनामा र मौजुदा उद्योगहरूको विकासमा सल्लाह दिन सरकारले सरकारी कर्मचारीहरू उद्योग र मजदूरका प्रतिनिधिहरू र विशेषज्ञहरूको एक स्थायी औद्योगिक विकास सल्लाहकार समितिको गठन गर्नेछ ।

२०. सरकारले यथासम्भव विभिन्न देशहरूसंग उद्योगपतिहरूलाई दोहोरो कर नलाग्ने गर्न आपसी समझौता गर्ने प्रयत्न गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. यथासम्भव बढीमात्रामा सरकारले स्वदेशमा बनेका मालहरू खरीद गर्नेछ ।

२२. बिजुली भएको ठाउंमा उद्योगलाई सकेसम्म कम दरमा बिजुली उपलब्ध गराइनेछ ।

२३. विद्युत शक्ति, यातायात र संचारको विकासका सरकारले यथाशक्य प्रयत्न गर्नेछ ।

२४. निकासी महसूल (एक्स्पोर्ट ड्यूटी) निम्नतम मात्रामा लगाउनेछ ।

२५. स्वदेशी उद्योगलाई विदेशी प्रतिस्पर्धाबाट कर द्वारा संरक्षण गर्नेछ ।

२६. यस नीतिलाई कार्यान्वित गर्न सरकारले संसदमा यस सम्बन्धको विधेयक यथाशीघ्र पेश गर्नेछ ।

आज्ञाले–
विश्वशंकर शुक्ल
[श्री ५ को सरकारका सचिव
उद्योग तथा वाणिज्य मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।